**नेपाल सरकार**

**महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट

दैनिक अद्यावधिक | मिति: २०८३ भदौ १९ गते / 4 September 2026

## ०१ माननीय मन्त्रीज्यूबाट बाढी प्रभावित क्षेत्रको स्थलगत अनुगमन

- कारागार तथा बाल सुधार गृह
- श्री युनाइटेड आधारभूत विद्यालय (होल्डिङ सेन्टर)
- आयुर्वेद तथा वैकल्पिक चिकित्सालय
- चन्द्रज्योति मा.वि. (प्रत्यक्ष भेटघाट)

माननीय मन्त्रीज्यूबाट नुवाकोट जिल्लाका बाढी प्रभावित क्षेत्रको अनुगमन गर्नुभएको छ। अनुगमनका क्रममा कारागार कार्यालय तथा बाल सुधार गृह क्षेत्रको निरीक्षण गरी सुरक्षा तथा संरक्षणको अवस्था र विद्यमान परिस्थितिबारे जानकारी लिनुभएको छ। यसका साथै, विदुर-४ स्थित श्री युनाइटेड आधारभूत विद्यालयमा सञ्चालित होल्डिङ सेन्टरको निरीक्षण गरी प्रभावित नागरिकहरूको आवास, आधारभूत सेवा तथा संरक्षण व्यवस्थाको अवलोकन गर्नुभयो। त्यसैगरी, तल्लो पिपलटारस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको निरीक्षण गरी होल्डिङ सेन्टर तथा उपलब्ध स्वास्थ्य सेवाको अवस्था, प्रभावित नागरिकहरूको स्वास्थ्य स्थिति र सेवा प्रवाहबारे जानकारी लिनुभयो। माननीय मन्त्रीज्यूले चन्द्रज्योति माध्यमिक विद्यालय, तल्लो पिपलटारमा सञ्चालित होल्डिङ सेन्टरको निरीक्षण गर्दै प्रभावित नागरिकहरूसँग प्रत्यक्ष भेटघाट गरी उनीहरूको वर्तमान अवस्था, तत्कालीन आवश्यकता तथा उपलब्ध सेवाका सम्बन्धमा जानकारी लिनुभएको थियो।

## ०२ विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सहजीकरण

| ११ वटा | रू. ९.५१ करोड | २८ नयाँ + २ संशोधन | रू. ३३.९७ करोड |
|---|---|---|---|
| भाद्र १९ गते थप स्वीकृत परियोजना | आज स्वीकृत कुल बजेट | भाद्र १५–१९ सम्म स्वीकृत (२५ संस्था) | स्वीकृत कुल प्रतिकार्य बजेट |

**क** विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई छोटो प्रक्रियाबाट सम्झौता गर्न मिति २०८३ असोज १५ सम्मका लागि समाजकल्याण परिषद्बाटै परियोजना सम्झौता गर्न सकिने गरी निर्णय भएअनुसार २०८३ भाद्र १९ गते थप ११ वटा परियोजना (कुल बजेट रू ९ करोड ५१ लाख ७३ हजार ६८४) स्वीकृत गरिएको छ। यससँगै भाद्र १५ देखि १९ गतेसम्म २५ वटा संस्थाको २८ वटा नयाँ परियोजना स्वीकृती तथा २ वटा संस्थाको परियोजना संशोधन गरिएको छ। नयाँ परियोजना र परियोजना संशोधन गरी कुल बजेट रु ३३ करोड ९७ लाख ९५ हजार ९११ बराबरको परियोजना विपद् प्रभावित क्षेत्रमा कार्य गर्ने गरी स्वीकृत भएको छ।

## ०३ विपद् प्रभावितहरूलाई विपद् प्रभावित क्षेत्रमा गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन

| ३४ INGOs कुल सहयोग | NP १७ NGOs कुल सहयोग | कुल सहायता परिचालन |
|---|---|---|
| रू. २६ करोड १४ लाख ५९,८०९ | रू. १३ करोड ०९ लाख ३६,५४४ | रू. ३९ करोड २३ लाख ९६,३५३ |
| रू. २ करोड ८५ लाख ८९,०३९ PM कोषमा | रू. ४७ लाख ३६,५४४ PM राहत कोषमा | कुल रू. ३ करोड ३३ लाख २५,५८३ PM कोषमा |

**क** मन्त्रालय तथा सम्बन्धित निकायसँगको समन्वयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन निरन्तर भइरहेको छ। हालसम्म ३४ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुल रू २६ करोड १४ लाख ५९ हजार ८०९ बराबरको सहयोग गरेका छन्, जसमध्ये रू २ करोड ८५ लाख ८९ हजार ०३९ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा प्रधानमन्त्री राहत कोषमा जम्मा गरेका छन्। त्यसैगरी, १७ वटा गैरसरकारी संस्थाले कुल १३ करोड ९ लाख ३६ हजार ५४४ बराबरको सहयोग गरेका छन्, जसमध्ये प्रधानमन्त्री राहत कोषमा रू ४७ लाख ३६ हजार ५४४ जम्मा गरेका छन्।

**ख** भदौ १९ गते, ५:३० बजेसम्म प्राप्त विवरणअनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका तर्फबाट आज रसुवाका ५०० परिवारलाई ब्लाङ्केट, ३०० जनालाई किशोरी किट तथा ३०० जनालाई Energy Biscuits उपलब्ध गराइएको छ। यसैगरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी भोटेकोशी बाढी प्रभावितहरूलाई प्राथमिक मनोसामाजिक परामर्श सहयोग प्रदान गरिरहेका छन्।

**आजको वितरण (रसुवा र भोटेकोशी):** ब्लाङ्केट: ५०० परिवार | किशोरी किट: ३०० जना | Energy Biscuits: ३०० जना | मनोसामाजिक परामर्श